CHANDRAGIRI HILLS LIMITED

CHANDRAGIRI HILLS
WHERE WISHES COME TRUE

Thankot, Kathmandu, www.chadragirihills.com
Phone no : + 977 4312515

आर्थिक वर्ष २०८१/०८२ को तेश्रो त्रैमासिक अवधिको प्रतिवेदन

धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को नियम २६ को उपनियम (१) संग सम्बन्धित
अनुसूची-१४

चन्द्रागिरि हिल्स लिमिटेडको आर्थिक वर्ष २०८१/०८२ को तेश्रो त्रैमासिक अवधिको लेखापरीक्षण नभएको (अपरिस्कृत) प्रतिवेदन :

१. वित्तीय विवरण :

कम्पनीको हिसाब किताबको लेखाङ्कन अनुसार आर्थिक वर्ष २०८१/०८२ (२०२५) को २०८१ माघ १ देखि २०८१ चैत्र ३१ (जनवरी १४, २०२५ देखि अप्रिल १३, २०२५) सम्मको आर्थिक विवरण निम्न अनुसार प्रस्तुत गरिएको छ ।

(क) आर्थिक वर्ष २०८१/०८२ को तेश्रो त्रैमासिक अवधिको वासलात र नाफा नोक्सान सम्बन्धी विवरण:-
आर्थिक बर्ष २०८१/०८२ को कम्पनीको तेश्रो त्रैमासिक अवधिको लेखापरीक्षण नभएको तुलनात्मक वित्तिय विवरण अनुसूची १ मा प्रस्तुत भए अनुसार रहेको । यस तेश्रो त्रैमासिक समीक्षा अवधिसम्ममा सम्बन्धित पक्षहरू बीच कम्पनीको नियमित व्यवसायिक कारोवार बाहेक अन्य कुनै कारोवार नभएको ।

(ख) कम्पनीको तेश्रो त्रैमासिक अवधिको लेखापरीक्षण नभएको वित्तिय विवरणको प्रमुख वित्तीय अनुपात :-

विवरण	यस आ.व.को तेश्रो त्रैमासिक अवधि (चैत्र ३१, २०८१ को अन्त्यमा)	अघिल्लो त्रैमासिक अवधि (पौष २९, २०८१ को अन्त्यमा)	गत आ.व. को तेश्रो त्रैमासिक अवधि (चैत्र ३० २०८० को अन्त्यमा)
ऋण पूँजीको अनुपात	१.१३	१.१९	१.४४
शेयरधनीको शेयर पूँजी कोषको प्रतिफल	०.०७	०.०४	०.०८
प्रति शेयर आम्दानी (रु)	७.०९	४.३३	७.०३
प्रति शेयर नेटवर्थ (रु)	१०२.४९	९९.७३	९२.०३
प्रति शेयर कुल सम्पत्तिको मूल्य (रु)	२३७.७२	२३८.८४	२३५.८२
प्रति शेयर बजार मूल्य (रु १००/-प्रति शेयर) (रु)	८५३.०१	८८३	८०८
प्राईस अर्निङ रेसियो (टाईम्स)	१२०.२६	२०३.७५	११४.८७
चालु अनुपात	३.१०	२.६५	३.१२

२. व्यवस्थापकीय विश्लेषण :

क) आर्थिक वर्ष २०८१/०८२ को तेश्रो त्रयमासिक अवधि सम्मको आर्थिक गतिविधि मध्यम रहेको छ । कम्पनीको पछिल्लो आ.व.को अवधिको तुलनामा कुल आयमा कमी आएतापनि नियन्त्रित खर्च प्रणाली मार्फत कुल नाफामा स्थिरता सहितको वृद्धि कायम रहेको छ ।

ख) नेपाल पर्यटन बोर्डबाट जारी गरिएको पछिल्लो तथ्याङ्क अनुसार हवाईमार्गबाट यात्रा गर्ने पर्यटकहरूको आगमन संख्याको मासिक औसत वृद्धि हुदै आएको छ । यसका साथै यस अवधिमा स्थल मार्गबाट विषेशगरी भारतीय र बंगलादेशका पर्यटकहरूको उल्लेख्य मात्रामा आवागमन भएको छ । पर्यटकको आवागमनमा भएको वृद्धिले आगामी दिनमा यस कम्पनीका सेवाको उपभोगमा समेत वृद्धि हुने अपेक्षा गरिएको छ ।

ग) यस चन्द्रागिरि हिल्सको मनोरम र अद्विितीय प्राकृतिक वातावरण तथा पर्यटकीय उपजहरूको प्रर्वद्धन गर्न विश्व पर्यटन बजारमा समेत कम्पनीको प्रचार प्रसार गरिएको छ । कम्पनीको रिसोर्टको अनलाइन बुकिंग तथा केवलकार टिकट खरिद सेवालाई थप सहज बनाई ग्राहक केन्द्रित सेवा प्रदान गरिएको छ । कम्पनीबाट आन्तरिक पर्यटकहरूका लागि समय समयमा विशेष छुटको प्याकेजहरूलाई निरन्तता दिंदै कम्पनीका शेयरधनीहरूका लागि कम्पनीबाट प्रदान गरिने सम्पूर्ण सेवाहरूमा विशेष छुटको व्यवस्था र स्थानीय वासिन्दालाई समेत विषेश सहुलियत प्रदान गरिएको छ ।

घ) दक्ष कर्मचारीहरू मार्फत केवलकार सेवालाई शत्प्रतिशत सुरक्षित रुपमा संचालन गर्नका लागि कम्पनी प्रतिबद्ध रहेको छ । अकस्मात आउने स-साना प्राविधिक समस्या समाधान गर्न अपनाउनु पर्ने सुरक्षाका उपायहरू तथा उपकरणहरूको सहि प्रयोग गर्नका लागि कुनै समस्या रहेको छैन । साथै कम्पनीले सुरक्षा निकायसंग समेत समन्वय गरी विपद व्यवस्थापन लगायतका काममा सहकार्य गर्दै आएको छ ।

(ङ) कम्पनीको सावधिक कर्जाको किस्ता तथा सो को ब्याज तोकिएको समयमा भुक्तानी गरिदैं आएको छ ।

च) कम्पनीबाट रिसोर्ट परिसरमा पर्यटकहरूको सुविधा तथा आतिथ्यतालाई मध्यनजर गर्दै थप सुबिधा सहितका नयाँ संरचनाहरूको निमार्णका कार्य अगाडी बढाइएको छ ।

३. कानुनी कारबाही सम्बन्धी विवरण :

क) आर्थिक वर्ष २०८१/०८२ को तेश्रो त्रैमासिक अवधि सम्ममा कम्पनीले कुनै मुद्दा दायर गरेको छैन र कम्पनी उपर पनि कुनै मुद्दा दायर भएको जानकारी प्राप्त भएको छैन ।

ख) आर्थिक वर्ष २०८१/०८२ को तेश्रो त्रैमासिक अवधिसम्ममा कम्पनीको संस्थापक वा संचालकले वा संस्थापक वा संचालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौजदारी अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको जानकारी प्राप्त भएको छैन ।

(ग) आर्थिक वर्ष २०८१/०८२ को तेश्रो त्रैमासिक अवधि सम्ममा कम्पनीलाई कुनै संस्थापक वा संचालक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर भएको जानकारी प्राप्त भएको छैन ।

४. संगठित संस्थाको शेयर कारोवार सम्बन्धी विश्लेषण :

क) शेयरको कारोवारमा हुने उतार चढाव खुल्ला बजारले निर्धारण गरेको मूल्य र मान्यता अनुरुप निर्देशित हुने गरेको छ । शेयरको कारोवार सम्बन्धी विषयमा व्यवस्थापनको धारणा तटस्थ रहेको छ ।

ख) कम्पनीको आर्थिक वर्ष २०८१/०८२ को तेश्रो त्रैमासिक अवधिमा प्रति शेयर रु १००/का दरको शेयरको अधिकतम, न्यूनतम, अन्तिम मूल्य, कारोवार भएको कुल दिन तथा कारोवार संख्या देहाय बमोजिम रहेको छ :

तेश्रो त्रैमासिक अवधी २०८१ चैत्र (तदनुसार अप्रिल १३, २०२५)	शेयर कारोबार-मुल्य (रु)			कुल शेयरको कारोबार-दिन र संख्या		
	अधिकतम मूल्य	न्यूनतम मूल्य	अन्तिम मूल्य	कारोबार भएको कुल दिन	कारोबार संख्या	कुल कारोबार शेयर संख्या
	९६७.८०	८५२.२०	८५३.०१	५६	१४,९१२	१५,८७,९१५

५. समस्या तथा चुनौती :-

(क) समस्या तथा चुनौतीहरू :

(अ) आन्तरिक

१. यस कम्पनीमा कुनै आन्तरिक समस्या नरहेको ।

(आ) वाह्य

१. अप्रत्याशित रुपमा आउने राष्ट्रिय तथा अर्न्तराष्ट्रिय घटनाहरूको कारणवाट देशको आन्तरिक तथा वाह्य पर्यटन उद्योगमा पर्न सक्ने प्रभाव र सो बाट कम्पनीको कारोवारमा पर्ने असर ।
२. देशमा विद्यामान अस्थिर राजनैतिक वातावरणका कारण समग्र अर्थतन्त्रमा पर्न सक्ने प्रभाव ।
३. पर्यटकीय पूर्वाधारको विकासमा सरकारको न्यून लगानी र निर्माणधिन काममा भएको सुस्तताका कारण आन्तरिक तथा बाह्य पर्यटकको गतिविधिमा प्रत्यक्ष वा अप्रत्यक्ष पार्ने प्रभाव ।
४. देशको अस्थिर राष्ट्रिय नीतिहरूबाट विषेशगरी पर्यटकीय क्षेत्रमा पर्न सक्ने प्रभाव ।
५. पर्यटन सम्बद्ध सरकारी र निजी क्षेत्रका निकायहरूद्वारा आन्तरिक तथा बाह्य पर्यटन बजार प्रवर्धनका लागि यथेष्ट गतिविधिहरू हुन नसक्नु ।
६. आर्थिक गतिविधिमा आएको शिथिलतामा सुधार नहुनु ।
७. विदेशी विनियम दरमा आउने परिवर्तन ।

(ख) रणनीति :

क) कम्पनीप्रति आम जनमानसको सकरात्मक धारणा, कम्पनीको संचालक समिति तथा व्यवस्थापनको कार्यकुशलता र समय सापेक्ष रुपमा अपनाईएका विभिन्न रणनीतिको परिणामस्वरुप स्वदेश तथा विदेशवाट भ्रमणमा आउने पर्यटकहरूको अघिल्लो समिक्षा अवधिको तुलनामा यस समिक्षा अवधिमा वृद्धि हुनुका साथै रिसोर्टमा बास बस्ने र विभिन्न गोष्ठि, सेमिनार संचालन गर्न आउने व्यक्ति तथा संघसस्थाको संख्यामा निरन्तर वृद्धि भैरहेको छ । आगामी दिनमा समेत गुणस्तरीय सेवा प्रवाहका साथै ग्राहक केन्द्रित रणनितिलाई निरन्तरता दिईनेछ ।

ख) कम्पनीमा उपलब्ध सबै पर्यटकीय सुविधाको उच्चतम उपयोग, संचालन खर्चमा मितव्ययीता सहित अन्य अनावश्यक खर्चहरूलाई कटौती गरी कम्पनीको आम्दानीमा वृद्धि हुने गरी बजार व्यवस्थापनका काममा दिईएका उच्च प्राथमिकतालाई निरन्तरता दिईने छ ।

ग) चन्द्रागिरि हिल्सको भ्रमणलाई हरेक व्यक्तिको जीवनको उत्कृष्ट र अविस्मरणीय पलका रुपमा स्थापित गराउने उद्देश्यका साथ विभिन्न गतिविधि संञ्चालन गरिदैं आएको छ । आन्तरिक पर्यटकहरूका लागि रिसोर्टमा विभिन्न छुटहरू सहितको प्याकेजहरू प्रदान गर्ने कार्य निरन्तर भैरहेको छ । यस किसिमका प्याकेजका कारण आन्तरिक पर्यटकको आवागमनमा वृद्धि हुने अपेक्षा गरिएको छ । यस किसिमको रणनितिलाई निरन्तरता दिईनेछ ।

६. संस्थागत सुशासन :-

संस्थागत सुशासन अभिवृद्धिका लागि कम्पनीको सञ्चालक समिति र व्यवस्थापनद्धारा चालिएका कदम सम्बन्धी विवरण देहाय बमोजिम रहेका छन:

(क) कम्पनीको लेखापरीक्षण उपसमितिले लेखापरीक्षक छनौट गर्ने, लेखापरीक्षण गराउने र लेखापरीक्षकबाट प्राप्त प्रतिवेदनको अध्ययन गरी कम्पनीको आन्तरिक नियन्त्रण प्रणालीलाई चुस्तदुरुस्त राख्नको लागि व्यवस्थापनलाई निर्देशन दिने गरेको छ ।

(ख) कम्पनीको आन्तरिक लेखापरीक्षण स्वतन्त्र आन्तरिक लेखापरीक्षकबाट गरिदैं आएको छ । आन्तरिक लेखापरीक्षण प्रतिवेदन लेखापरीक्षण समिति हुदैं संचालक समिति समक्ष समेत पेश गरी सो माथी विस्तृत छलफल हुने गरेको छ ।

(ग) कम्पनीले नियमनकारी निकायद्वारा जारी गरिएका नियम, विनियम र निर्देशनहरू लगायत अन्य प्रचलित ऐन तथा कानुन बमोजिम पुरा गर्नुपर्ने मापदण्डहरूको पूर्ण पालना गरिएको छ ।

घ) कर्मचारी विनियावली र नीति तथा आर्थीक नीति लगायतका संस्थाका विद्यमान नियम, विनियम, नीति, निर्देशिका र कार्यविधिहरूलाई अनुसरण गर्दै कामकारबाही गर्दैं आईरहेको छ । आन्तिरिक नियन्त्रण प्रणलीलाई चुस्त दुरुस्त तथा प्रभावकारी बनाउन संचालक समिति लगायत विभिन्न उपसमिति एवम् विभागहरू गठन गरी समय समयमा अध्ययन, विश्लेषण, पुनरावलोकन र कार्ययोजना बनाई कार्य गर्दै आइरहेको छ ।

७. सत्य, तथ्यता सम्बन्धमा अध्यक्ष/कार्यकारी प्रमुखको उद्घोषण :

आजको मिति सम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरूको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु । साथै, म यो उद्घोष गर्दछु की मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरू सत्य, तथ्य र पूर्ण छन् र लगानीकर्तालाई सूसुचित गर्ने तथा निर्णय लिन आवश्यक कुनै विवरण, सुचना तथा जानकारीहरू लुकाइएको छैन ।

अनुसुची १

Chandragiri Hills Limited
Kathmandu, Nepal

STATEMENT OF UNAUDITED FINANCIAL RESULTS
As on Chaitra 31, 2081 BS (April 13,2025 AD)

Particulars	Upto This Quarter ending on Chaitra 31, 2081 BS (April 13,2025 AD) Unaudited	Upto Previous Quarter ending on Poush 29, 2081 BS (January 13, 2025) Unaudited	Corresponding Previous Quarter ending on Chaitra 30, 2080 BS (April 12, 2024) Unaudited
ASSET			
Non-Current Asset			
(a) Fixed Asset			
(i) Property, Plant and Equipment	2,974,559,219	2,997,732,842	2,990,641,295
(ii) Intangible Asset	3,836,867	4,176,233	2,852,421
(iii) Capital Work in Progress	7,828,814	7,579,814	13,289,367
(iv) Right of Use of Asset	39,834,235	43,948,057	43,033,874
(b) Long term Investment	325,700,000	315,700,000	315,700,000
Deferred tax asset			
Total of Non- Current Asset	**3,351,759,134**	**3,369,136,945**	**3,365,516,958**
Current Assets			
(a) Inventories	58,734,647	48,220,827	38,046,751
(b) Account Receivables	29,096,978	30,358,789	27,154,326
(c) Cash & Cash Equivalent	38,386,328	60,528,013	90,564,132
(d) Loans & Advances	144,749,165	121,008,979	71,573,799
(e) Other Current Assets	24,161,582	34,715,248	24,914,121
Total of Current Asset	**295,128,700**	**294,831,855**	**252,253,129**
Total Asset	**3,646,887,834**	**3,663,968,800**	**3,617,770,087**
EQUITY & LIABILITIES			
Equity, Reserve and Surplus			
(a) Share Capital	1,534,091,000	1,534,091,000	1,534,091,000
(b) Reserve and Surplus	38,132,916	(4,195,764)	(122,241,280)
Total Equity, Reserve and Surplus	1,572,223,916	1,529,895,236	1,411,849,720
Non- Current Liabilities			
(a) Long-term borrowings	1,780,308,258	1,822,850,826	2,031,257,848
(b) Deferred Tax Liabilites	147,444,531	147,444,531	43,914,615
(c) Lease Liability	51,825,592	52,533,776	50,006,632
Total of Non-Current Liabilities	**1,979,578,381**	**2,022,829,133**	**2,125,179,095**
Current Liabilities			
(a) Duties & Taxes	27,897,424	21,489,048	9,722,219
(b) Account payable	39,318,992	30,419,215	24,345,212
(c) Other Current Liabilities	27,869,122	59,336,168	46,673,840
Total of Current Liabilities	**95,085,538**	**111,244,431**	**80,741,272**
Total Equity and Liabilities	**3,646,887,834**	**3,663,968,800**	**3,617,770,087**

STATEMENT OF UNAUDITED PROFIT & LOSS FOR THE PERIOD ENDED on Chaitra 31, 2081 BS (April 13,2025 AD)

Particulars	Upto This Quarter ending on Chaitra 31, 2081 BS (April 13,2025 AD) Unaudited	Upto Previous Quarter ending on Poush 29, 2081 BS (January 13, 2025) Unaudited	Corresponding Previous Quarter ending on Chaitra 30, 2080 BS (April 12, 2024) Unaudited
Revenue from Operation	635,108,308	422,537,743	697,372,246
Cost of sales	87,803,060	55,521,567	90,486,950
Gross Income	**547,305,248**	**367,016,176**	**606,885,297**
Other Income	3,886,513	2,442,943	8,683,843
Expenses			
Employee Benefits Expenses	131,335,395	88,320,162	121,698,186
Administrative and Other Expenses	83,368,615	52,100,599	95,606,856
Total Expenses	**214,704,009**	**140,420,761**	**217,305,042**
Profit Before Interest, Depreciation and Tax	**336,487,752**	**229,038,358**	**398,264,098**
Finance costs	123,079,936	87,365,889	182,962,312
Profit Before Depreciation and Tax	**213,407,817**	**141,672,469**	**215,301,786**
Depreciation and Amortization Expenses	82,731,305	53,324,636	83,071,521
Profit before extra ordinary items and taxes	**130,676,512**	**88,347,832**	**132,230,265**
Extra ordinary item			
Profit before taxes			
Tax Expenses			
Current Tax			
Deferred Tax (Income)/Expenses	21,865,455	21,865,455	24,320,025
Profit (Loss) for the period from continuing operations	**108,811,057**	**66,482,377**	**107,910,240**
Profit /(Loss) from dis-continuing operations			
Tax expenses of dis-continuing operations			
Profit (Loss) for the period from dis-continuing operations			
Profit/(Loss) for the period	**108,811,057**	**66,482,377**	**107,910,240**
Earning per equity share:			
Basic Earning per share	7.09	4.33	7.03
Diluted Earning per share	7.09	4.33	7.03